# शैलुङ गाउँपालिका
**Shailung Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**

काटाकुटी, दोलखा
Katakuti, Dolakha
३ नं. प्रदेश, नेपाल ।
3 No. Province, Nepal.


प.सं. : २०७५/७६

मिति : २०७५/०८/०५

### युवा स्वरोजगार साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को स्वीकृत **"युवा उत्पादन स्वरोजगार साझेदारी कार्यक्रम"** अन्तरगत मिनि टिलर ट्रयाक्टर कार्यक्रम, टनेलमा अर्गानिक तरकारी खेती कार्यक्रम, चिया तथा कफी खेती कार्यक्रम, फलफुल खेती कार्यक्रम, व्यावसायिक किवी खेती कार्यक्रम, अलैंची खेती कार्यक्रम, उन्नत जातको गाई/भैंसी पालन कार्यक्रम, बंगुर पालन कार्यक्रम, माउ बाखा पालन कार्यक्रम, लोकल जातको कुखुरा/बट्टाई/हाँस/टर्की पालन कार्यक्रम, माछा पालन कार्यक्रम, जडिबुटी खेती शीर्षकका कार्यक्रम सञ्चालन गर्नको लागि इच्छुक कृषि सहकारी संस्था, कृषक समूह, फर्म र सामुदायिक वन उपभोक्ता समूहहरुले यहि मिति २०७५ साल मंसीर ७ गते देखि २०७५ साल मंसीर २९ गते सम्म शैलुङ गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको सामान्य प्रशासन तथा योजना शाखामा प्रस्ताव–पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि शैलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको सामान्य प्रशासन तथा योजना शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ ।

२०७५/०८/०५

रमेश विश्वकर्मा (सुनार)
प्रमुख प्रशासकीय अधिकृत

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काटाकुटी, दोलखा**

# कार्यक्रमको लागी प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ. व ०७५/०७६ को स्वीकृत **"युवा स्वरोजगार उत्पादन साझेदारी कार्यक्रम"** संचालन गर्नको लागी इच्छुक कृषि सहकारी संस्था, कृषक समुह, फर्म र सामुदायिक वन उपभोक्ता समूहहरुले यहि मिति २०७५/०८/०७ देखि २०७५/०८/२९ गते सम्म सामान्य प्रशासन तथा योजना शाखा, शैलुङ गाउँपालिकामा देहायका विषय सम्बन्धी प्रस्ताव-पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| **क्र.स.** | **पेश गर्नुपर्ने प्रस्तावको विषय** | **पेश गर्नुपर्ने कागजात** | **उपलब्ध हुन सक्ने अधिकतम अनुदान** | **कैफियत** |
|---|---|---|---|---|
| १ | मिनि टिलर ट्याक्टर कार्यक्रम | कृषि सहकारी, कृषक समूह, फर्मको हकमा प्रमाण-पत्रको प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि, प्रस्ताव-पत्र, फर्मको हकमा स्थायी लेखा नं.(प्यान नं.), इजाजत पत्र, ०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र (गत वर्ष सम्म दर्ता भएको हकमा) र सम्बन्धित वडाको सिफारिस समेत संलग्न गर्नु पर्नेछ। | प्रति मिनी टेलर रू. ५०,०००/- | प्रति वडा बढीमा ३ ओटाका दरले। |
| २ | टनेलमा अर्गानिक तरकारी खेती कार्यक्रम | | कुल लागतको बढीमा ५०% | कृषि सहकारी, कृषक समूह तथा फर्म द्वारा कम्तिमा १० रोपनी जग्गामा खेति गर्नु पर्नेछ। |
| ३ | चिया, कफी खेती कार्यक्रम | | | |
| ४ | फलफुल खेती कार्यक्रम | | | |
| ५ | व्यावसायिक किवी खेती कार्यक्रम | | | |
| ६ | अलैची खेती कार्यक्रम | | | |
| ७ | उन्नत जातको गाई भैसी पालन कार्यक्रम | कृषि सहकारी, कृषक समूह, फर्मको हकमा प्रमाण-पत्रको प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि, प्रस्ताब-पत्र र फर्मको हकमा स्थायी प्यान नं., इजाजत पत्र, ०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र(गत वर्ष सम्म दर्ता भएको हकमा) र सम्बन्धित वडाको सिफारिस समेत संलग्न गर्नु पर्नेछ। | प्रति गोटा रू. २०,०००/- | सहकारी, कृषक समूह तथा फर्म द्वारा गरिने गाई तथा भैसी पालनको लागी कम्तिमा १५ ओटा गाई वा भैसी पालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ। |
| ८ | बंगुर पालन कार्यक्रम, | | प्रति गोटा रू. ३,०००/- | सहकारी, कृषक समूह तथा फर्म द्वारा गरिने बंगुर पालनको लागी कम्तिमा १० ओटा बंगुर पालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ। |
| ९ | माउ बाख्रा पालन कार्यक्रम | | प्रति गोटा ५,०००/- | सहकारी, कृषक समूह तथा फर्म द्वारा गरिने माउ बाख्रा पालनको लागी कम्तिमा १० ओटा बाख्रा (माउ) पालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ। |

| क्र.स. | पेश गर्नुपर्ने प्रस्तावको विषय | पेश गर्नुपर्ने कागजात | उपलब्ध हुन सक्ने अधिकतम अनुदान | कैफियत |
|---|---|---|---|---|
| १० | लोकल जातको कुखुरा/बट्टाई/ हाँस / टर्की पालन कार्यक्रम | कृषि सहकारी, कृषक समूह, फर्मको हकमा प्रमाण-पत्रको प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि, प्रस्ताब-पत्र र फर्मको हकमा स्थायी प्यान नं., इजाजत पत्र, ०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र(गत वर्ष सम्म दर्ता भएको हकमा) र सम्बन्धित वडाको सिफारिस समेत संलग्न गर्नु पर्नेछ। | प्रति गोटा १००/- | सहकारी, कृषक समूह तथा फर्म द्वारा गरिने लोकल जातको कुखुरा/बट्टाई/हाँस/ टर्की पालनको लागी कम्तिमा १५० ओटा लोकल जातको कुखुरा/बट्टाई/हास/ टर्की पालन गर्ने गरि प्रस्ताव पेश गर्नु पर्नेछ। |
| ११ | माछा पालन कार्यक्रम | | प्रति रोपनी ३ लाख | सहकारी, कृषक समूह तथा फर्म द्वारा कम्तिमा १ रोपनी जग्गामा माछा पालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । |
| १२ | जडिबुटी खेती कार्यक्रम | सामुदायिक वन उपभोक्ता समुहको दर्ता प्रमाण-पत्रको प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि, प्रस्ताव-पत्र, लेखा परीक्षण प्रतिवेदन र सम्बन्धित वडाको सिफारिस पेश गर्नु पर्नेछ। | कुल लागतको बढीमा ५०% | कृषि सहकारी, कृषक समूह तथा फर्म द्वारा कम्तिमा १० रोपनी जग्गामा खेती गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । |

२. प्रस्ताव-पत्र पेश गर्ने सहकारी, समूह, फर्म, सा.व.उ.स.को कार्यक्षेत्र, मूख्य कार्यालय र सदस्य शैलुङ गाउँपालिका हुनु पर्नेछ।

३. माथि उल्लेखित कार्यक्रमबाट २१ वर्ष देखि ४५ वर्ष सम्मका युवा संलग्न हुनु पर्नेछ।

४. गाउँपालिकाबाट प्राप्त गर्न चाहेको अनुदान बराबरको रकम गाउँपालिकाको नाममा नेपाल बैंक लि. रहेको संचित कोष खाता नं. १३००३०००००००४००१०१८ मा जम्मा गरेको सक्कल बैंक भौचर प्रस्तावकले पेश गर्नु पर्नेछ ।

५. स्वीकृत भएको प्रस्ताव बमोजिम कार्यक्रम गर्दा नयाँ वा थप कार्यक्रममा मात्र अनुदान उपलब्ध हुनेछ।

६.स्वीकृत भएको कार्यक्रम कार्यान्वयन गर्दा सहकारी समूह फर्मले गाउँपालिकाले तोकेको शर्तहरु पालना गर्नु पर्नेछ।

७. यदि रू. ७५,००,०००/- (पचहत्तर लाख मात्र) भन्दा बढी रकम माग भएमा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

८. यसमा उल्लेख भएका बुँदा, व्यहोरा बाहेक अन्यको हकमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

रमेश विश्वकर्मा (सुनार)
प्रमुख प्रशासकीय अधिकृत